आज मिति २०८२।१२।१२ गते विहीवार [illegible]को ८:०० वजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुव श्रेष्ठज्यूको [illegible] सहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को दशौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | ध्रुव श्रेष्ठ | कार्यपालिका अध्यक्ष | [signature] |
| २ | सुभद्रा अधिकारी उप्रेती | कार्यपालिका उपाध्यक्ष | [signature] |
| ३ | नरहरि पाण्डे | वडा अध्यक्ष | [signature] |
| ४ | प्रेम वहादुर थापामगर | वडा अध्यक्ष | [signature] |
| ५ | सीताराम पुलामी मगर | वडा अध्यक्ष | |
| ६ | प्रकाश राई | वडा अध्यक्ष | [signature] |
| ७ | विश्व प्रसाद खतिवडा | वडा अध्यक्ष | [signature] |
| ८ | सुमन भण्डारी | वडा अध्यक्ष | [signature] |
| ९ | चम्फा राजभण्डारी | कार्यपालिका सदस्य | [signature] |
| १० | निकिसा राई | कार्यपालिका सदस्य | [signature] |
| ११ | मिना राई | कार्यपालिका सदस्य | मिना |
| १२ | ज्ञानी रोक्का | कार्यपालिका सदस्य | [signature] |
| १३ | दिल कुमारी घले | कार्यपालिका सदस्य | |
| १४ | शुशील मिजार | कार्यपालिका सदस्य | [signature] |
| १५ | अशोक विष्ट | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

CS CamScanner

अन्य उपस्थिति

| क.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | रामचन्द्र लामिछाने | वरिष्ठ शाखा अधिकृत | |
| २ | सुवोध सापकोटा | लेखा अधिकृत | |
| ३ | उपेन्द्र प्याकुरेल | सूचना प्रविधि अधिकृत | |
| ४ | | | |

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश, नेपाल
नुवाकोट
२०७३

CamScanner

मिति २०८२ साल चैत १२ गते विहीबार बसेको लिखु गाउँ कार्यपालिकाको आ.व. २०८२/०८३ को दशौं बैठकको निर्णयहरु

<table>
<tr><th>निर्णय नं.</th><th>निर्णयको व्यहोरा</th></tr>
<tr><td>१</td><td>लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।११।०५ गते बसेको आ.व. २०८२/०८३ को नवौं बैठकको निर्णय कार्यान्वयन भएको पाइयो ।</td></tr>
<tr><td>२</td><td>स्थानीय शासन कार्यसम्पादन मूल्यांकन (व्यवस्थापन तथा सन्चालन) कार्यविधि, २०८२ वमोजिम लिखु गाउँपालिकाको आ.व. २०८१/०८२ को कार्य सम्पादन मूल्यांकनमा प्राप्त प्रारम्भिक नतिजा स्वमूल्यांकन समन्वय समितिवाट पेश भई छलफल भयो । उक्त नतिजा उपर आवश्यक पृष्ठपोषणको लागि जिल्ला समन्वय समिति नुवाकोटमा पठाउने ।</td></tr>
<tr><td>३</td><td>क) लिखु गाउँपालिकाबाट आ.व. २०८२/८३ मा सन्चालित आयोजनाहरु मध्ये प्राविधिक जाँचपास र अनुगमन सम्पन्न भएका देहायका आयोजनाहरुको विवरण सुपरिवेक्षण तथा अनुगमन समितिको प्रतिवेदन सहित पेश भएकोमा संलग्न अनुसूची बमोजिमका आयोजनाहरु फरफारक गर्ने । साथै पालिकास्तरीय सुपरिवेक्षण तथा अनुगमन समितिवाट अनुगमनको क्रममा भएको खर्च भुक्तानी दिने ।<br>
ख) देहायका आयोजना तथा कार्यक्रमहरु देहाय बमोजिम संसोधन गरी कार्यान्वयन गर्ने ।
<table>
<tr><th>साविक योजना/कार्यक्रमको नाम</th><th>बजेट रु</th><th>संसोधित योजना/कार्यक्रमको नाम</th><th>बजेट रु</th></tr>
<tr><td>मेलमिलापकर्ताहरुको लागि उच्चस्तरीय पुनर्ताजगी कार्यक्रम</td><td>३ लाख</td><td>न्यायिक समिति र मेलमिलापकर्ताहरुलाई न्यायिक निरुपण सम्बन्धी अन्तरपालिका अध्ययन अवलोकन भ्रमण</td><td>३ लाख</td></tr>
<tr><td>गर्ग ऋषि कम्पाउण्ड वाल निर्माण, लिंखु १</td><td>४ लाख</td><td>गर्ग ऋषि मन्दिर निर्माण, लिखु १</td><td>४ लाख</td></tr>
<tr><td>वडा कार्यालय नजिकको चौतारो निर्माण (प्र.म रोजगार साझेदारी)</td><td>१ लाख</td><td>३ नं. वडा स्थित चौतारो निर्माण</td><td>१ लाख</td></tr>
<tr><td>कुनीखोला रातमाटेटोल खानेपानी मर्मत, लिखु ४</td><td>१ लाख</td><td rowspan="2">कुनीखोला खानेपानी ट्यांकी निर्माण तथा मर्मत, लिखु ४</td><td rowspan="2">३ लाख</td></tr>
<tr><td>कुनीखोला खानेपानी ट्यांकी निर्माण, लिखु ४</td><td>२ लाख</td></tr>
<tr><td>महेन्द्र महेशदेव मावि बस खरिद, लिखु ६</td><td>१० लाख</td><td>महेन्द्र महेशदेव माविमा कम्प्युटर खरिद तथा मर्मत, लिखु ६</td><td>१० लाख</td></tr>
<tr><td>बच्छला मा.वि., लिखु ६</td><td>२ लाख</td><td>बच्छला मावि सडक निर्माण, लिखु ६</td><td>२ लाख</td></tr>
</table>
ग) लिखु गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत अध्यक्ष, उपाध्यक्ष र प्र.प.अ. को कार्यकक्षमा दैनिक कार्यतालिका वोर्ड DIGITAL STANDEE को कुल रकम रु ४९८,०००।०० विविध खर्च शीर्षकवाट भुक्तानी दिने ।<br>
घ) लिखु गाउँपालिका वडा नं. ६ मा सार्वजनिक जग्गा छुट्याउने कार्य सम्पन्न भएकोमा उक्त कार्य गर्ने वेस नेपाल इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.को वील वमोजिमको रकम सेवा परामर्श शीर्षकबाट भुक्तानी दिने ।</td></tr>
</table>

CamScanner

| | |
|---|---|
| | ङ) गाउँ शिक्षा समितिको मिति २०८२ फागुन २८ गतेको बैठकको निर्णय नं ३ अनुमोदन गर्ने । |
| | (च) लिखु गाउँपालिकाको कार्य सन्चालन निर्देशिका २०७८ को दफा ९(१) अनुसूची १ वमोजिम लिखु गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई तोकिए बमोजिमको परिमाणमा मासिक रुपमा इन्धन उपलब्ध गराउँदै आएकोमा मिति २०८२ फागुन ५ गतेको कार्यपालिका बैठकको निर्णयानुसार कुपन मार्फत इन्धन उपलब्ध गराउने कार्य बन्द गरिएको र निर्देशिकाले तोके वमोजिमको परिमाण वरावर प्रचलित दररेट वमोजिम रकम उपलब्ध गराउँदा मितव्ययी र प्रभावकारी हुने भएकोले निर्देशिकाको दफा ९(२) वमोजिम मापदण्ड पुरा गरेका कर्मचारीहरुलाई २०८२ फागुन देखि लागु हुने गरी संवन्धित कर्मचारीको खातामा इन्धनको परिमाण वरावर हुन आउने रकम उपलब्ध गराउनको लागि उक्त कार्यविधिमा देहाय वमोजिम संसोधन गर्ने । साथै वागमती प्रदेश सरकारले जारी गरेको ***स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्वन्धी ऐन, २०७५*** वमोजिम सवारी साधन (मोटरसाइकल) सुविधा प्राप्त गर्ने जनप्रतिनिधिहरुलाई समेत तोकिए वमोजिमको इन्धन परिमाण वरावर रकम उपलब्ध गराउने ।<br>१. अनुसूची १ मा देहाय बमोजिम संसोधन गर्ने ।<br>अनुसूची १<br>दफा ९ को उपनियम १ सँग सम्वन्धित<br>कर्मचारीको लागि मासिक इन्धन सुविधा रकम<br>इन्धन (पेट्रोल/डिजल लिटरमा) |

| क्र.सं | तह/पद | इन्धन परिमाण | कैफियत |
|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत ( मोटरसाइकल, स्कुटर) | २५ | |
| २ | अधिकृत सातौं/आठौं (मोटरसाइकल, स्कुटर | २० | |
| ३ | अधिकृत छैटौं (मोटरसाइकल, स्कुटर) | १५ | |
| ४ | सहायक स्तर (मोटरसाइकल, स्कुटर) | १० | |
| ५ | नगर प्रहरी (मोटरसाइकल, स्कुटर) | १० | |
| ६ | सहयोगी स्तर (मोटरसाइकल, स्कुटर) | ७ | |

| | |
|---|---|
| | २. इन्धन सुविधा पाउने आधारहरुको क्रम संख्या ७ पछि ***गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत इन्जिनियरिङ सेवाको*** भन्ने शब्दहरु थप गर्ने सो पछि क्रम संख्या ८ थप गरी ***चार पाङ्ग्रे सवारी साधनको हकमा सवारी चालकलाई पेश्की उपलब्ध गराई इन्धन खरिद गर्ने*** भन्ने वाक्य राख्ने । |
| ५ | लिखु गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८२।११।०५ गते वसेको बैठकको निर्णय अनुसार जग्गा भाडामा दिने सम्वन्धी १५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएकोमा निर्धारित समयभित्र उक्त जग्गा भाडामा लिन स्वघोषणा सहित प्रतिवद्धतापत्रका साथ हरियो मल्टीपर्पस प्रा.लि. ले प्रस्ताव पेश गरेको हुँदा उक्त सम्वन्धमा भण्डार शाखा प्रमुखबाट टिप्पणी उठी आएकोले उल्लेखित जग्गा मध्ये कि.नं. ८०४ को क्षेत्रफल ३०-६-२-२.५ र कि.नं ५५५ क्षेत्रफल ५-८-०-१ रोपनी मध्ये कि.नं. ८०४ बाट १५ रोपनी र कि.नं. ५५५ को पुरै क्षेत्रफल गरी करीब २० रोपनी जग्गा प्रचलित नियम कानूनको परिधिभित्र रही संम्झौता गर्न कार्यालयलाई निर्देशन दिने । |